# <u>विनियोजन विधेयक २०७९</u>

**भोजपुर नगरपालिकाको आर्थिक बर्ष २०७९/२०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

**<u>प्रस्तावना</u>:** भोजपुर नगरपालिकाको आर्थिक बर्ष **२०७९/२०८०** को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम भोजपुर नगर सभाले यो ऐन बनाएको छ ।

१.**<u>संक्षिप्त नाम र प्रारम्भः</u> (१)** यस ऐनको नाम " भोजपुर नगरपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**<u>आर्थिक वर्ष २०७९/२०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार</u>**: (१) आर्थिक वर्ष **२०७९/२०८०** को निमित्त भोजपुर नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.६२,१३,१३,००० (अक्षेरेपी बैसट्ठी करोड तेह्र लाख तेह्र हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **<u>विनियोजनः</u> (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष **२०७९/२०८०** को निमित्त भोजपुर नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

<table>
<tr><th rowspan="2">विवरण</th><th rowspan="2">आन्तरीक श्रोत (चालु आ.व. को अनुमानीत मौञ्दात समेत)</th><th rowspan="2">राजस्व बाडफाड</th><th rowspan="2">वित्तिय समानीकरण अनुदान</th><th rowspan="2">ससर्त अनुदान</th><th rowspan="2">विषेक अनुदान / समपुरक अनुदान</th><th rowspan="2">कुल वजेट</th><th colspan="2">खर्च प्रस्ताव</th></tr>
<tr><th>चालु</th><th>पुँजिगत</th></tr>
<tr><td>संघ</td><td>–</td><td>९,७६,१०,०००</td><td>११,९९,००,०००</td><td>३३,००,००,०००</td><td>१,५०,००,०००</td><td>५६,२५,१०,०००</td><td rowspan="3">४०,३८,५५,०००</td><td rowspan="3">२१,७४,५८,०००</td></tr>
<tr><td>प्रदेश</td><td>–</td><td>१,१५,६३,२५०</td><td>६४,१५,०००</td><td>७९,६२,०००</td><td>१,००,००,०००</td><td>३,५९,४०,२५०</td></tr>
<tr><td>स्थानीय तह</td><td>२,२८,६२,७५०</td><td>–</td><td>–</td><td>–</td><td>–</td><td>२,२८,६२,७५०</td></tr>
<tr><td>जम्मा</td><td>२,२८,६२,७५०</td><td>१०,९१,७३,२५०</td><td>१२,६३,१५,०००</td><td>३३,७९,६२,०००</td><td>२,५०,००,०००</td><td>६२,१३,१३,०००</td><td colspan="2">६२,१३,१३,०००</td></tr>
</table>